म.जि.प्र.का दर्ता नः
१04/0६७/0६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३0/0६९/0७0

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- १७ २0८१ मंसिर १८ गते मंगलबार 3 December 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

## बेइजिङ पुगे प्रधानमन्त्री

काठमाडौंः प्रधानमन्त्री केपी शर्मा ओली चार दिने औपचारिक भ्रमणका लागि चीनको राजधानी बेइजिङ पुगेका छन् । चिनियाँ समकक्षी ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री ओली नेतृत्वको टोली चीनको स्थानीय समयअनुसार साँझ ६ बजे बेइजिङ क्यापिटल इन्टरनेसनल विमानस्थल पुगेको हिमालय एयरलाइन्सले जनाएको छ । प्रधानमन्त्री ओली नेतृत्वको टोली सोमबार बिहान ११ बजे हिमालय एयरलाइन्सको विशेष चार्टर विमानबाट चीन प्रस्थान गरेको थियो । भ्रमणका क्रममा मंसिर १८ गते चिनियाँ समकक्षी छ्याङले प्रधानमन्त्री ओलीलाई स्वागत गर्नेछन् । तत्पश्चात् दुईपक्षीय वार्ता र हस्ताक्षर समारोह हुने कार्यक्रम छ । सोही दिन प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सि जिनफङलाई भेट गर्नेछन् । जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकंग्रेसका स्थायी समितिका अध्यक्ष झाओ लेजीसँग पनि भेट हुनेछ ।

### पटक पटक हारेर पनि नहराएका तिवारी

# तेस्रो प्रयासमा ढल्यो माओवादी किल्ला

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका वडा नम्बर-१२ मा पहिलो पटक काँग्रेसले जित निकालेको छ । लगातार माओवादीले जित्दै आएको उक्त वडामा पहिलो पटक काँग्रेस उम्मेदवारले जित निकालेका हुन् । काँग्रेसका अर्जुनप्रसाद तिवारीले स्थानीय तह उपनिर्वाचन अन्तर्गत मंसीर १६ गते भएको निर्वाचनमा पहिलो पटक काँग्रेसलाई जिताएका हुन् । उनले माओवादीका उम्मेदवार रवि कुमार प्रधानलाई हराउँदै विजयी भएका हुन् । तिवारीले २ हजार ६३ मत सहित चुनाव जित्दा माओवादीका प्रधानले १ हजार ५६० मत पाएका थिए । तेस्रो स्थानमा रहेको एमालेका उम्मेदवार राजेश नगरकोटीले १ हजार ७८ मत प्राप्त गरेका थिए ।

यसअघि तिवारी उक्त वडाको वडा अध्यक्ष पदको निर्वाचनमा २ पटक पराजित भएका थिए । संघीयता कार्यान्वयन पश्चात भएको २ वटा स्थानीय तहको निर्वाचनमा कांग्रेसबाट उम्मेदवार बनेका तिवारी माओवादी केन्द्रका उम्मेदवारसँग पराजित भएका थिए । २०७४ को स्थानीय तहको निर्वाचनमा माओवादी केन्द्रका ललित बहादुर घलानसँग पराजित भएका तिवारी २०७९ को स्थानीय तह निर्वाचनमा पनि पुनः पराजित भए । दुवै निर्वाचनमा झिनो मतान्तरे हारेका तिवारी निरन्तर गाउँमा नै रहेर काम गरिरहे । पदविहीन बने तर, गाउँ छाडेनन् । दुवै निर्वाचनमा माओवादीका घलानले जित निकाल्दा तिवारी दोस्रो बने । तर, गाउँको विकास र नागरिकको सेवामा उनी दोस्रो कहिल्यै बनेनन् ।

धैर्यता र लगनशीलताका कारण आफू निर्वाचनमा सफल भएको उनी बताउँछन् । तामाङ बाहुल्य हेटौंडा-१२ हेटौंडा उपमहानगरपालिकाको पिछडिएको क्षेत्र अन्तर्गत पर्दछ । ग्रामिण भेग र व्याप्त समस्याका बीचबाट वडावासीलाई पार लगाउन आफू उनी निरन्तर कर्मशील भएर लागेको उनी बताउँछन् । 'म २०७४ को चुनावमा नै जित्थेँ । तर, प्राविधिक कारणले त्यतिबेला १०० मतले हार्नुपर्‍यो', उनले भने, 'नागरिकले त्यतिबेला नै मतले अनुमोदन गरेका थिए । तर, बदर मत र केही विषयहरु व्यवस्थापन गर्न नसक्दा चुनाव हार्नुपरेको थियो । २०७९ मा पनि नागरिकले चुनाव जिताएका हुन् । ३१ मतान्तरले चुनाव हारेको थिएँ त्यतिबेला । चुनाव हार्नुको कारण महसुस गरेर धैर्य गरिरहे । कमजोरी पत्ता लगाएर आफ्नो कर्ममा लागि रहेँ । अहिले कमजोरी सच्याएँ । बिग्रेका विषयलाई सुधार गरेँ । अनि चुनाव जितेँ ।'

पञ्चायतकालदेखि नै गाउँको विकास र नागरिकको सेवामा काम गर्दै आएका तिवारी पटक-पटक चुनाव हारे तर, गाउँबाट हराएनन् । पदमा नरहेपनि उनी गाउँमा बजेट पुर्‍याएर विकासको काममा सक्रिय भए । वडा अध्यक्ष जितेकाले भन्दा बढी बजेट आफूले पहुँच पुर्‍याएर गाउँ लगेको उनी दावी गर्छन् । चुनाव हारेपनि गाउँलाई नै कर्मभूमि बनाएर नागरिकको दुःखको सारथी बनेका तिवारीले आफ्नै पहुँचमा समानुपातिक रुपमा सडक पुल, खानेपानी, सिंचाई, पर्यटन, संस्कृति क्षेत्रमा बजेट लगेर विकासको काम गरेको दावी गर्छन् ।

गाउँका मानिसलाई समस्यामा उनी पक्षपात नगरी सहयोग गर्न पुगिहाल्छन् । सोही कारणले नागरिकले आफुलाई चुनाव जिताएको उनको भनाई छ । निर्वाचन भएपश्चात आफू वडा विकासमा लाग्ने बताए । २ वर्ष भित्र गाउँका सडक पुल निर्माणको काम गरेर शहरी रुप दिने उनले बताए । शिक्षा र स्वास्थ्यको पूर्वाधार तथा अवस्था कमजोर रहेकाले त्यसलाई सुधारका लागि प्राथमिकताका साथ अघि बढ्ने उनको भनाई छ । उपमहानगरपालिकाको स्रोतले गाउँको विकासलाई पर्याप्त नहुने भएकाले छिट्टै नै संघ र प्रदेश सरकारबाट बजेट माग गरेर विकासको काम अघि बढाउने योजना बनाएको तिवारी बताउँछन् । गाउँको स्वरुपसहितको विकासको योजना २०७४ मा नै निर्माण गरेर अघि बढेकाले त्यसको कार्यान्वयनको मिसन सुरु भएको उनले बताए ।

२०६३/०६४ को परिवर्तनपछि उक्त वडामा माओवादीको प्रभाव राम्रो थियो । २०६४ को संविधानसभा निर्वाचनमा मकवानपुरको ४ क्षेत्रमा जित निकालेको माओवादीले हेटौंडा-१२ लाई लालकिल्लाको रुपमा परिभाषित गर्दै आएको थियो । पञ्चायतकालमा राप्रपाको गढ तत्कालिन पदमपोखरी गाविसको ४, ५, ७, ८ र ९ वटा वडा मिलेर हाल हेटौंडा-१२ कायम भएको हो । पञ्चायत पश्चात सो क्षेत्रमा एमालेले शासन गर्‍यो भने २०६४ को निर्वाचन पश्चात माओवादीको किल्ला बन्दै आएको छ । सो वडामा एमालेको प्रभाव पनि राम्रै रहेको छ । संविधानसभा निर्वाचनतका निकै कमजोर अवस्थामा रहेको कांग्रेसलाई १८ वर्षको बलियो जगमा उभ्याउन सफल भएको छ ।

२०६४ र २०७० को निर्वाचनमा सो क्षेत्रमा क्रमशः माओवादी र एमालेले चुनाव जित्यो । तर, विकास निर्माण र सेवा प्रवाह जनताको अपेक्षा अनुसार हुन सकेन । पुलको अभावमा वडावासी खहरे र खोलाको जोखिमै रहे । पुल निर्माण र खानेपानीको योजनासहित पटक-पटक नेता भेट्ने काम भयो तर, न पुल आयो न गाउँलेले खानेपानी पाए । संघीयतापछि २ पटक उक्त वडामा माओवादीले जित्यो । तर, वडाको समानुपातिक विकास हुन सकेन । वडा कार्यालय आसपास ठुला र पक्की सडक बने । तर, तल्लो राप्ती खोलाको क्षेत्र अझै पनि विकास हुन सकेको छेन । २० वर्ष अघिकै अवस्थामा सडक पूर्वाधार कायम रहेको छ ।

संघीयतापछि जसोतसो २ वटा पुलहरु निर्माण भए । आवतजावतमा सहजता भयो । तर, यात्रा अझै पैदल नै रहेको छ । पूर्वाधार बन्यो । तर, व्यवस्थापन हुन सकेन । जसका कारण अझै उक्त क्षेत्रका नागरिकहरु हिँडेर नै हेटौंडा बजार आवतजावत गर्छन् । यसैबीच पटक-पटक चुनाव हारेका कांग्रेसका तिवारीले तेस्रो प्रसासमा माओवादी केन्द्रको लालकिल्ला भत्काउन सफल भएका हुन् । उनको प्राथमिकता पहुँच नपुगेका क्षेत्रको विकास रह्यो र नागरिकको मत जित्न सफल भए ।

# १४ वर्षीया जेनिशा बनिन् बागमती प्रदेशकी मन्त्री


जेनिशालाई मन्त्री पदमा पदस्थापित गर्नुहुँदै सुकमाया तामाङ ।

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिका-२, भिमास्थानकी १४ वर्षीया किशोरीले बागमती प्रदेश सरकारको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रीको पदभार ग्रहण गरेकी छिन् । ह्याण्ड्स नेपाल र प्लान इन्टरनेसनल नेपालद्वारा सञ्चालित गर्ल्स स्ट्याण्डिङ स्ट्रोङ परियोजना अन्तर्गत सोमबार हेटौँडास्थित मन्त्रालयमा जेनिशा क्याप्छाकी मगरले मन्त्रीको पदभार ग्रहण गरेकी हुन् ।

पदभार ग्रहण गर्दै जेनिशाले वातावरणीय पक्षलाई मध्यनजर गर्दै उद्योग सञ्चालन गरेर आर्थिक समृद्धिको पक्षमा काम गर्ने जानकारी दिइन् । यस्तै सबैभन्दा पहिला विदेश पलायन भएकाहरुलाई देशमा फर्किने वातावरण निर्माण गरिने प्रतिबद्धता जनाइन् । सिन्धुली जिल्लाको भवानी माध्यमिक विद्यालयको कक्षा-९ मा अध्ययनरत् जेनिशाले विद्यालय तहमा अध्ययनरत् किशोरकिशोरीलाई व्यवहारिक ज्ञानलाई जोड दिँदै भावी दिनमा रोजगारीको बाटो देखाउन जरुरी रहेको धारणा राखिन् । सीपमूलक कार्यक्रम विद्यालय तहमै आयोजना गरे बेरोजगारीको दर घट्ने उनको भनाइ थियो ।

मन्त्री बनेकी जेनिशालाई सिन्धुली जिल्लाकै सुनकोसी गाउँपालिका-५ स्थित प्रगतिशील माध्यमिक विद्यालयमा अध्ययनरत १० कक्षाकी छात्रा दुर्गा श्रेष्ठले किशोरीहरुको हकहितको माग गर्दै मन्त्री जेनिशालाई मागपत्र बुझाइन् । मागपत्रमा देशभरका किशोरीले भोक्नु परेका समस्यालाई उजागर गरिएको थियो । विशेष स्वास्थ्यकर्मीहरुको व्यवस्था गर्न, स्वास्थ्य कार्यक्रमहरुमा सहभागिता, विद्यालयमा शिक्षण र सामग्री उपलब्ध गराउन, संकटमा सेवा सुनिश्चित गर्न माग गरिएको छ । यस्तै निशुल्क र गुणस्तरीय विद्यालय शिक्षा, उच्च शिक्षाका लागि छात्रवृत्ति, विद्यालय गतिविधिहरुमा समान सहभागिता, सुरक्षित र समावेशी विद्यालय वातावरण, प्राविधिक शिक्षा अवसर प्रदान गर्न माग गरिएको छ । प्रजनन् स्वास्थ्य, सुरक्षा र संरक्षणको माग गर्दै पत्र बुझाएको छ । बागमती प्रदेश सरकारका विभागीय प्रमुखको विभागीय कामकाजको बारेमा समेत छलफल गरिएको थियो ।

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री सुकमाया तामाङले उक्त मन्त्रालयको जिम्मेवारी सम्हाल्न गरिएको संघर्षपूर्ण यात्रा स्मरण गर्नुहुँदै निरन्तरको प्रयासले मात्र सफल भएकाले लक्ष्यलाई निरन्तरता दिन आग्रह गर्नुभयो । सामान्य किसानको परिवारमा हुर्केर क्रान्तिको यात्रादेखि मन्त्रालयको जिम्मेवारी सम्हाल्दै गर्दा विभिन्न लोभलालच देखाए, तर कतै विचलित भएनन् । मन्त्रालयले गरिरहेको नीति निर्माण तथा कार्यक्रमबारे मन्त्री तामाङले जानकारी दिनुभयो । सिन्धुलीको दुधौलीमा रहेको नदि उकास गरिएका जग्गा मात्र राज्यले संरक्षण गरेर त्यस्ता जग्गामा उत्पादन गर्ने हो भने प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिने बताउनुभयो । २/४ पैसा दिएर उद्योग सञ्चालन हुन नसक्ने जानकारी दिनुहुँदै एउटा उद्योग सञ्चालन बराबर दैनिक एक लाख रुपैयाँको उत्पादनको प्रक्रियामा छ भने बिजुली र बाटोको व्यवस्थापन गरे दुई/चार हजारको किसानले अपेक्षा नगर्ने उहाँको भनाइ छ । यस्तै किशोरीहरुले मन्त्रालयको विभाग समेत भ्रमण गरिएको छ ।


## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: 0५७-५२0४५७


# नवनिर्वाचित वडा अध्यक्ष तिवारीले लिए सपथ


नवनिर्वाचित वडाअध्यक्ष अर्जुनप्रसाद तिवारीलाई सपथ गराउनुहुँदै नगरप्रमुख मीनाकुमारी लामा ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका वडा नम्बर-१२ का नवनिर्वाचित वडा अध्यक्ष अर्जुनप्रसाद तिवारीले पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुभएको छ । सोमबार हेटौँडा उपमहागरपालिकाको सभाहलमा नगर प्रमुख मीनाकुमारी लामाले नवनिर्वाचित वडा अध्यक्ष तिवारीलाई सपथ ग्रहण गराउनुभएको हो ।

मुख्य निर्वाचन अधिकृत अवनी मैनाली भट्राईको उपस्थितिमा वडा अध्यक्ष तिवारीलाई पद तथा गोपनीयताको सपथग्रहण गराइएको हो । सपथग्रहण कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, हेटौंडा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँ, सहायक प्रमुख जिल्ला अधिकारी धोलकराज ढकालको उपस्थिति रहेको थियो ।

आइतबार भएको मतदानबाट तिवारी २ हजार ६३ मतसहित अध्यक्ष निर्वाचित हुनुभएको हो । उहाँका निकटतम प्रतिद्वन्द्वी रविकुमार प्रधान (रविन) ले १ हजार ५ सय ६० मत प्राप्त गर्नुभएको थियो भने अर्का आकांक्षी राजेश नगर कोटीले १ हजार ३ सय ९८ मत पाउनुभएको थियो । प्रधान नेकपा माओवादी केन्द्रका उम्मेदवार हुनुहुन्थ्यो भने नगरकोटी नेकपा एमालेका उम्मेदवार हुनुहुन्थ्यो ।


•पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।
•जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।
•ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर


## सञ्चालनमा आयो

पशुपति ईभी चार्जिङ स्टेशन

हेटौँडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर



६ वटा चार्जिङ युनिटसहित

सम्पर्कः ९८५५0६८८७३

# सम्पादकीय

## उपनिर्वाचनको समीक्षा

निर्वाचन आयोगले मंसीर १६ गतेका लागि तय गरेको स्थानीय तहको उपनिर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न हुँदैछ । काठमाडौंको कीर्तिपुर नगरपालिकाको मतगणना सोमबार पनि जारी थियो । कीर्तिपुर नगरपालिकाको नतीजा सार्वजनिक भएसँगै स्थानीय तहको उपनिर्वाचनबाट नयाँ जनमतसहित जनप्रतिनिधिहरु स्थापित हुनेछन् । विभिन्न कारणले रिक्त भएका स्थानीय तहका वडा अध्यक्ष, पालिका प्रमुख, उपप्रमुख, जिल्ला समन्वय प्रमुख, उपप्रमुखको उपनिर्वाचनबाट ४४ जनाको रिक्त पदमा ताजा जनमतसहित जनप्रतिनिधि स्थापित भएका छन् । ४४ जनामध्ये ३ जना निर्विरोध निर्वाचित हुँदै गर्दा ४१ स्थानमा भने निर्वाचनमार्फत जनप्रतिनिधि चयन भएका छन् । निर्वाचनमा हरेक उम्मेदवार र तिनका समर्थकहरु आफ्नो जीतको लक्ष्यसहित निर्वाचनमा होम्मिएका थिए । नतीजा सार्वजनिक हुँदै गर्दा अपेक्षाअनुसारको नतीजा प्राप्त नहुँदा अनेकन आरोप-प्रत्यारोपका भाषा सामाजिक सञ्जालमा प्रस्तुत भएका छन् ।

स्थानीय तहको निर्वाचनका उम्मेदवार र तिनका समर्थकले अनेकौं दाउपेच लगाएर जनमत आफ्नो पक्षमा पार्ने प्रयास गरेको देखियो । हेटौंडा-१२ को सन्दर्भमा उम्मेद्वारहरुले फरक वडाका नागरिकलाई निर्वाचन हुने आफ्नो वडामा स्थानान्तरण गरेर आफ्नो पक्षमा मत बढाउने प्रयास भएको देखियो । मतदातालाई प्रभावित तुल्याउन पनि अनेकौं प्रयास भएको देखियो । राजनीतिमा साम, दाम, दण्ड, भेद अनेक चल्छ । जबसम्म असल अभ्यासबाट नेतृत्वमा स्थापित हुने अठोटसहित जनताको पक्षमा काम गर्ने जिम्मेवार र जवाफदेही व्यक्तिको उपस्थिति रहन्न तबसम्म निर्वाचन लक्षित यस्ता हर्कतहरु भइरहन्छन् । यसलाई अन्यथा मानेर, अनेकौं आरोप-प्रत्यारोप लगाएर लोकतन्त्रमा निर्वाचनको प्रक्रिया नै गलत हो भनेर भागिरहने प्रवृत्ति नै लोकतन्त्रका लागि बढी जोखिमपूर्ण छ ।

यद्यपि निर्वाचनको एउटा प्रक्रिया पूरा भएर लोकप्रिय जनमतका आधारमा जनप्रतिनिधि चयन गर्ने प्रक्रियालाई आवधिकरुपमा नियमित गर्न सकियो भने धेरै कुरा सुध्रँदै जाने निश्चित छ । उपनिर्वाचन भएका ४४ स्थानमध्ये केही स्थान बाहेक अधिकांश क्षेत्रमा प्रमुख दलहरुले आफूलाई परीक्षण गर्ने गरी एक्ला-एक्लै रहेर निर्वाचनमा प्रस्तुत भए । जसअनुसार नमूनाकै रुपमा सबैले आआफ्नो अवस्थाको स्पष्ट तस्वीर प्राप्त गरेका छन् । सत्ताको नेतृत्व गरिरहेको नेकपा एमाले, सत्ता साझेदार नेपाली काँग्रेस, प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्र, प्रतिपक्षी राप्रपा, रास्वपासहितका दलहरुले आआफ्नो जनमतको स्पष्ट संकेत स्थानीय तहको उपनिर्वाचनबाट प्राप्त गरेका छन् ।

मंसीर १६ गतेको उपनिर्वाचनमा प्राप्त मतलाई आधार बनाएर जनताको पक्षमा काम गरेर मत बढाउने, जनताको मनमा आफ्नो दल, नेता, कार्यकतालाई स्थापित गर्नेतर्फ दलका नेता, कार्यकर्ता र समर्थकको ध्यान जानुपर्छ । यस विपरित उपनिर्वाचनमा दोस्रो स्थानमा रहने दल, उम्मेदवार, कार्यकर्ता र समर्थकले फलानोसँग साझेदारी गर्न पाएको भए नतीजा आफ्नो पक्षमा हुने रहेछ भनेर जनमतको लेनदेनबाट हुने लाभको लोभमा पर्ने अवस्था रहनुहुन्न । यसले लोकतन्त्रको मर्मलाई सावित गर्दैन । लोकतन्त्रलाई सवल बनाउन सक्दैन ।

निर्वाचनमा प्रस्तुत भएका मतको ईमानदारिताका साथ समीक्षा गर्दै सुधार्नुपर्ने, सुध्रिनुपर्ने स्थानमा सुध्रन दल, उम्मेदवार, नेता, कार्यकर्ता तयार हुनुपर्छ । सामाजिक सञ्जालमा मतदाताप्रति राजनीतिक दलका नेता, कार्यकर्ताले व्यक्त गरेका अनेक आरोपले सुध्रने अपेक्षा गर्न सकिने अवस्था देखिँदैन । तर, सुध्रनुको विकल्प न दललाई छ, न तिनका उम्मेदवार, नेता र समर्थकलाई छ । यसबीच मतदाताले पनि प्रलोभनमा परेर नभई उम्मेदवार चयन गर्ने विषयमा थोरै जिम्मेवार र जवाफदेही हुनु जरुरी छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११। |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बिचारको कदर हुने समय योग रहेको छ ।
**वृष** : निर्णयात्मक काममा ध्यान केन्द्रित रहने योग छ ।
**मिथुन** : दीर्घकालिन योजनाहरु बन्ने समय योग छ ।
**कर्कट** : समय संघर्षकारक नै मान्नुपर्ने देखिन्छ ।
**सिंह** : पेशा–व्यवसायमा सोचे अनुरुप लाभ प्राप्त ।
**कन्या** : आर्थिक पक्ष र खर्चवर्चका बारेमा चिन्ता बढ्ला ।
**तुला** : शारीरिक स्वस्थता बढ्दै जाने समय योग छ ।
**वृश्चिक** : कार्यक्षेत्र र प्रशासनिक काममा दक्षता बढ्ला ।
**धनु** : अरुलाई प्रभावित पारेर काम बनाइएला ।
**मकर** : जोखिम र सत्रुबाट बच्दा राम्रो होला ।
**कुम्भ** : मायाप्रेम र रतिरागमा संलग्न भइएला ।
**मीन** : बहस र बादविवादमा संलग्न भइएला ।

# ठेकेदारले पार्टी चलाउँदा विकास निर्माण भताभुङ्ग भयो



अर्जुनजङ्ग थापा
पूर्वसचिव

सार्वजनिक निकायको खरिद, सार्वजनिक खरिद ऐन र नियमावलीको आधारमा निर्देशित गरिन्छ । तर वैदेशिक सहायताका आयोजनाहरु भने दातृ निकायका खरिद गाइडलाइन्स अनुसार सञ्चालन हुन्छन् । यस प्रक्रियामा विभिन्न शक्ति र पहुँच भएका व्यक्ति र निकायहरूको संलग्नता हुन्छ जसमा कतिपय विदेशी निकायहरूको आफ्नै स्वार्थ पनि समावेश हुने गर्छ ।

चिनियाँ कम्पनीले लिएको ठेक्कामा चिनियाँ दूतावासको स्वार्थ हुन्छ । चीनले आफ्ना कम्पनीहरूले ठेक्का पाओस् भन्ने चाहन्छ । कोरिया र अमेरिकाले पनि यही चाहना राख्छन् । जापानीहरूले पनि यही चाहन्छन् । यसरी नै आफ्नो देशको स्वार्थ देखिन्छ । विशेषगरी वैदेशिक सहायताका आयोजनामा, द्विपक्षीय सहायता भएमा सम्बन्धित देशका कम्पनीहरूले मात्र काम पाउनुपर्छ र अरु कम्पनीले कुनै अवसर नपाऊन् भन्ने ध्येय देखिने गरेको हुन्छ । जस्तैः- एक्जिम बैंक अफ इन्डियाको सहुलियतपूर्ण ऋणमा सञ्चालित आयोजनाहरुमा इन्डियन कम्पनीहरुले मात्र भाग लिन पाउँछन् ।

नेपाली कम्पनीहरूसँग संयुक्त रूपमा ठेक्का लिए पनि भारतीय कम्पनी अनिवार्य हुन्छन् । जापानीजहरूको पनि यस्तै छ । उनीहरूले भन्नलाई 'ओपन टु अल' भन्ने त गर्छन् । तर जापानी कम्पनीले विशेष किसिमको सुविधा पाउने व्यवस्था गरिएको हुन्छ । संसारभर जुनसुकै कम्पनीले पनि जापानी सहायताको आयोजनामा बिडिङ (ठेक्कामा भाग लिन पाउने) गर्न पाउँछन् ।

यदि जापानी कम्पनीले ठेक्का पाए कर (ट्याक्स) मिनाहा हुने कुरा ऋण सम्झौतामा नै उल्लेख हुन्छ । अरु कम्पनीले ठेक्कामा भाग लिए भने ट्याक्स तिर्नुपर्छ । यो व्यवस्था हुने बित्तिकै अन्य कम्पनीले भाग लिन खोज्दैनन् । जापानले दिने ऋण प्रायः ०.५ प्रतिशतको हाराहारीमा हुन्छ ।

अनुदानमा हाम्रो केही चल्दैन, दातृ निकायले जे गर्छ, त्यही मात्र लागू हुन्छ । तर सहुलियतपूर्ण ऋणका आयोजनामा नेपालको पनि केही कुरा लागू हुन्छ । यसमा थोरै हाम्रा कुरा चले पनि, अधिकांश दातृ निकायहरुको कुरा चल्छ । एमसीसी (मिलेनियम च्यालेन्ज कर्पोरेशन) को ठेक्का 'ओपन टु अल' हो, तर उत्तर कोरिया र रसियन कम्पनीहरुले भाग लिन पाउँदैनन् । बन्देज लगाएका देशहरुको कम्पनीहरूले ठेक्कामा भाग लिन पाउँदैनन् भने हितैसी देशका कम्पनीहरुले भाग लिने व्यवस्था हुन्छ ।

निर्माण व्यवसायीले पार्टी चलाउँछन्

अब नेपाल भित्र आऊँ । नेपाली निर्माण व्यवसायीहरु कुनै न कुनै रूपमा कुनै न कुनै पार्टीमा लागेका हुन्छन् । पाटीहरूसँग आबद्ध भएकै हुन्छन् । सत्तामा को छ ? त्यो हेरेर पावर लगाउने काम गर्छन् । त्यसैले खरिद सम्झौता ढिला हुने प्रमुख कारणमध्ये यो पनि एक हो । यस्तो अवस्थामा सम्बन्धित निर्माण कम्पनी राजनीतिक तहमा पावर लगाउन लागि पर्छन् । आफ्ना प्रभाव देखाउन प्रतिस्पर्धा गर्छन् । राजनीतिक तहबाट दबाब दिन लगाउँछन् । गलत निर्णय गराउन सक्रिय हुन्छन् । ठेक्का पाउन सबै विधि, प्रक्रिया पूरा गरेको हुनुपर्छ ।

यहाँ ई-बिडिङको व्यवस्था छ, सबै कुरा डकुमेन्टहरूमा सुरक्षित बसेको हुन्छ जुन जसले पनि हेर्न सक्छ । भोलिका दिनमा गलत गरे छानबिन हुनसक्छ, गलत गरिएको भए कारबाही हुनसक्छ । कर्मचारी तहमा एकदम गलतै हुने गरी निर्णय गर्ने हिम्मत कसैले गर्दैनन् । यस्तो अवस्था आउँदा कर्मचारीहरूले सकभर पन्छाउने काम गर्छन् । २/४ वा ६ महिना ढिला हुन्छ । उस्तै परे खरिद प्रक्रिया नै रद्द गर्ने हुन्छ । खरिद प्रक्रिया ढिला हुनुको एउटा कारण यो पनि हो ।

स्वार्थ जोडिएका आयोजनाहरूमा हुने ठेक्कामा यस्तो हुन्छ । कर्मचारीहरूलाई राजनीतिक स्वार्थ जोडिएका निर्माण कम्पनीलाई ठेक्का पार्नुपर्ने दबाब आउँछ । विधि प्रक्रिया मिचेर ठेक्का दिँदा भविष्यमा कर्मचारीहरू कानूनी रूपमा फस्ने खतरा बढ्न सक्छ । यस्तो अवस्थामा दबाब झेल्न नसकेर कर्मचारीहरूले ढिलाइ गर्दै अन्ततः ठेक्का रद्द गर्न बाध्य हुन्छन् ।

राजनीतिज्ञहरूले नेपाली निर्माण व्यवसायीहरूबाट भोलिका दिनमा आर्थिक सहयोग लिनु पर्ने हुन्छ । कतिपय त निर्माण क्षेत्रकै पृष्ठभूमिबाट चुनाव जितेर आएकाहरु पनि हुन्छन् । पार्टीले वा चुनाव लड्दा कुनै पनि पार्टीबाट उम्मेदवार बनेकाहरूले निर्माण व्यवसायीहरूबाट आर्थिक सहयोग लिने गर्छन् । जुन कुरा कर्मचारी तहले थाहा नपाएको हुनसक्छ । तर कर्मचारीहरुले मन्त्रीको निर्देशन अनुसार काम गर्नुपर्ने हुन्छ । भित्री स्वार्थका सबै कुरा थाहा हुँदैन । राजनीतिक पार्टी र मन्त्रीको स्वार्थका कुरा पूरा गर्न कर्मचारीहरू चेपुवामा पर्ने गरेका छन् ।

कतिपय कर्मचारीहरूले गलत निर्णय गर्दा भविष्यमा आफैं फस्ने डरका कारण मन्त्रीको भनाइ अनुसार काम गर्दैनन् । भनेको नमान्दा कर्मचारीहरूको सरुवा गरिन्छ । स्वार्थ जोडिएका प्रायः फाइलहरू खरिद प्रक्रियासँग सम्बन्धित हुन्छन् । केही कर्मचारी मन्त्रीसँग नजिक भएर काम गर्दा गलत निर्णयमा हस्ताक्षर गर्छन् र फसेका पनि छन् । ठूला आयोजनामा आर्थिक स्वार्थ बढी जोडिएको हुन्छ । जस्तैः- चिनियाँ कम्पनीहरूले बढी लो बिडिङ (सबैभन्दा कम आर्थिक प्रस्ताव पेश) गरेर ठेक्का लिने गरेका छन् । जसरी पनि ठेक्का लिनै पर्छ भन्दा घाटा सहेर काम गर्नुपर्ने अवस्था आउने गरेको छ ।

कसैले 'माहोल मिलाएर' सस्तोमा निर्माण सामाग्रीको बन्दोबस्त गरी घाटा हुन नदिने सोच राखेका हुन्छन् । यस्ता ठेक्कामा निर्माण व्यवसायीले मूल्यवृद्धि गर्ने गर्छन् । अहिले चिनियाँ कम्पनीले लिएको नारायणगढ-बुटवल सडकको ठेक्कामा समस्या छ । चिनियाँ कम्पनीले पैसाको कारण देखाउँदै काम नगरे पनि कारबाही भएको छैन । चिनियाँ दूतावासले पनि यसमा रोकेको हुन्छ । चीन नेपालको ठूलो 'डोनर' हो र हाम्रा विकास आयोजनामा सहयोग पनि गर्दै आएको छ ।

यता काम नगर्ने निर्माण व्यवसायीलाई कारबाही गर्दा त्यसको प्रभाव अन्य आयोजनामा पर्ला भन्ने डर हुन्छ । जसले गर्दा काम नगरे पनि सहजै कारबाही गर्ने आँट सम्बन्धित निकायले गर्न सक्दैनन् । यस्ता-यस्ता समस्यामा हाम्रो राजनीति जेलिएको देखिन्छ । नेपाली निर्माण व्यवसायीले काम गरिरहेका आयोजना निर्माणमा ढिलाइ भएकोले पनि अर्थ मन्त्रालयले पैसा दिन सकेको छैन । डोनर एजेन्सीहरुमार्फत गरिएका ठेक्काको काममा प्रगति नभएर तोड्दा पनि तत्काल ठेक्का गर्न स्रोतको समस्या हुने गरेको छ । आयोजनाहरुमा कसैको राजनीतिक र कसैको आर्थिक उद्देश्य जोडिएको हुन्छ, माथि उल्लेखित समस्या यसका प्रतिफल हुन् ।

कतिपय निर्माण व्यवसायीहरुले दलहरूसँग नजिक रहेका बिचौलियालाई समातेर पनि आफ्नो स्वार्थ पूरा गर्ने गरेका छन् । उनीहरु काम गर्दैनन्, ठेक्का मात्र थुपारी रहन्छन्, पेस्की रकम बुझेर थप काम अघि बढाउँदैनन्, काममा ढिलाइ मात्र गरिरहन्छन् । आफू नजिकका नेताको दबाब र प्रभावमा कारबाहीबाट जोगिएका हुन्छन् । घाटामा जाने खतरा भयो भने घाटामा जाने काम कम गर्ने, नाफामा जाने काम थप्छन् । उनीहरुको मनसाय जहिले पनि घाटामा जाने काम कम गर्ने र नाफामा जाने काम थप्ने मात्र हुन्छ । यो काम गराउन चारैतिरबाट मन्त्री, कर्मचारीलाई दबाब दिने गरिन्छ । यसमा १५ प्रतिशतसम्म कानूनले भेरिएसन अर्डर (भीओ) बढाउन छुट दिएको छ । १५ प्रतिशतसम्म भिओ सम्बन्धित विभागीय प्रमुखले गर्न सक्छ ।

यो भन्दा बढी भयो भने सम्बन्धित मन्त्रालयको सचिवसम्म पुग्छ । २५ प्रतिशतसम्म भीओ सचिवले बढाउन सक्छन् । तर अहिलेसम्मको अभ्यासमा सचिवबाट यस्तो निर्णय भएको छैन । हजारौं ठेक्कामा १/२ वटामा मात्र त्यस्तो भएको होला ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कुरा गर्दा, जे-जे हुन्छ सडक विभागको महानिर्देशककै तहबाट स्वीकृत हुनुपर्छ । या तल्लो तहबाटै स्वीकृत हुने व्यवस्था छ । अहिले महालेखा परीक्षकको कार्यालयले यो रोकिदिएको छ । यस्तो गर्दा महालेखाले बेरुजु निकाल्ने गरेको छ । महालेखाले बेरुजु निकालेपछि पछिसम्म पनि त्यो सम्बन्धित आयोजना, निर्माण व्यवसायीले बेहोर्ने गरेका छन् ।

सडक विभाग अन्य निकायभन्दा बढी खरिद प्रक्रिया बुझ्ने निकाय हो, कारण पहिलेदेखि नै सडकमा बढी बजेट विनियोजन हुँदै आएको छ । विभागमा पर्याप्त जनशक्ति भएकाले ठेक्कामा विवाद कम सुनिन्छ । तर कुनै ठेक्कामा समस्या आएमा सार्वजनिक खरिद अनुगमन कार्यालय, प्रधानमन्त्री कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार र अदालतसम्म पुग्छन् । सडक विभागका ठूला ठेक्कामा प्रतिस्पर्धा धेरै हुन्छ, तर लो बिडको समस्या पनि छ ।

### सार्वजनिक निर्माण र खरिदको वर्तमान अवस्था

ठूला आयोजनाका ठेक्कामा राजनीतिक तहबाट स्वार्थ राखेर गलत भूमिका खेल्ने प्रवृत्ति देखिन्छ । वैदेशिक लगानीका आयोजनामा प्रत्येक तहमा 'नो अब्जेक्शन' को व्यवस्था हुन्छ । ठेक्का आह्वानमा कुन कम्पनी सहभागी छन् भन्ने कुरा लगानी गर्ने निकायमा जान्छ । एउटा ठेक्का गर्न ९ देखि १० महिना लाग्ने गर्छ, किनकि प्रत्येक तहमा प्रक्रिया बुझेर निर्णय गरिन्छ । यद्यपि रुख काट्ने लगायतका समन्वयका विषयमा ढिला गरेर भित्रभित्रै आर्थिक चलखेल गर्ने खतरा अझै रहन्छ । यस्तो कार्यले गर्दा आयोजनाहरु ढिला हुने गरेका छन् । केही आयोजनामा कानूनी रुपमा कार्य गर्ने प्रमुख र कर्मचारीलाई सुविधा दिइएको हुन्छ, विशेषगरी विश्व बैंकको आयोजनामा बासस्थान र छुट्टै भत्ता दिने व्यवस्था गरिएको हुन्छ ।

### चुनौती र समस्या

निर्माण क्षेत्र धेरैलाई रोजगारी दिन सक्ने र आयआर्जनको अवसर दिने क्षेत्र हो । त्यसैले शुरूशुरूमा यो क्षेत्रमा आकर्षित हुने धेरै हुन्थे । यो क्षेत्रसँग सिमेन्ट, रड, डन्डी, क्रसर उद्योग जस्ता निर्माण सामाग्रीको खपत बढ्दो हुन्छ जसले ठूलो मात्रामा राजस्व जम्मा गराउन मद्दत गर्छ । अन्य क्षेत्रमा यस्तो अवसर छैन । ठूलो रोजगारीको अवसर यही हो । त्यसैले एक समय यो क्षेत्रमा लगानी गर्नेहरूको संख्या बढेको थियो । यसरी लगानी गर्नेहरुले एक समय राम्रै कमाइ गरेका थिए, जति बेला सडक खन्ने काममा डोजर र एक्स्काभेटर प्रयोग गर्दा, मान्छेले काम गर्ने भनेर पैसा बुझ्थे । तर काम मेशिनबाट गर्थे ।

५०-६० को दशकमा मान्छेहरूले धेरै कमाए जब मजदुरले काम गर्ने भनेर ज्याला अनुसार लागत अनुमान गरिन्थ्यो । पछि बिस्तारै सरकारले लागत अनुमान गर्ने नियम बनायो र निर्माणमा मेशिन उपकरण प्रयोग गर्न थाल्यो । अहिले सडक विभाग, डोली (स्थानीय पूर्वाधार विभाग), शहरी विकास र सिचाइका नियमहरुले ठूलो नाफा देखाउँदैन । तर त्यो बेला केही निर्माण व्यवसायीहरुले राम्रै कमाइ गरे ।

एक/डेढ वर्षयता धेरै निर्माण व्यवसायी समस्यामा परिरहेका छन् । बैंकको कालोसूचीमा पर्ने गरेका छन् । निर्माण क्षेत्रबाट पलायन हुनेहरु बढिरहेका छन् । आर्थिक सङ्कट भोगिरहेकाहरु पनि छन् । यो क्षेत्रमा नाफा छ भनेर हात हाल्ने धेरै भए । जथाभाबी ठेक्का लिए । काम गर्न सकेनन् । जसले गर्दा बिस्तारै समस्यामा पर्दै गए । बैंकबाट ल्याएको ऋण पनि तिर्न सकेनन् । फेरि समयमा काम नसक्ने निर्माण व्यवसायीहरूको सङ्ख्या पछिल्लो समय बढ्दै गएको छ । जसले गर्दा व्यवसायीहरू आफ्नो काममा निरुत्साहित हुँदै गएका छन् । ठूला-ठूला निर्माण कम्पनीहरू पनि आर्थिक समस्यामा पर्न थालेका छन् । काम सकिएका आयोजनाहरुमा पनि निर्माण व्यवसायीहरुले समयमै भुक्तानी पाउन सकेका छैनन् ।

सरकारले भुक्तानी दिन सकेको छैन । व्यवसायीहरूले निर्माणका लागि लिएको ऋणको बैंकमा ब्याज बढिरहेको छ । नगद प्रवाह हुन सकेको छैन । निर्माण क्षेत्र अहिले समस्यामा छ । पटक-पटक हुने खरिद नियमावलीहरू संशोधन पनि चुनौती बनिरहेको छ ।

यसमा निर्माण व्यवसायीहरूको चाहनाले मात्र नियमावली संशोधन भएको छैन । १३औं सार्वजनिक खरिद नियमावली संशोधनले गर्दा पनि निर्माण व्यवसायीहरू समस्यामा परेका छन् । सार्वजनिक खरिद अनुगमन कार्यालय, सम्बन्धित विकासे मन्त्रालय, विभागसँग समेत नसोधी, छलफल नै नगरी छैटौंदेखि १२औं पटकसम्म नियमावली संशोधन गरियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले यस्तो गर्ने गरेको छ । यस्ता नियमावलीहरू समस्या समाधानका लागि आउनुपर्नेमा उल्टै समस्या बल्झाउने गरी आउने गरेका छन् । अघिल्लो आर्थिक वर्षमा गरेको कामको अझै निर्माण व्यवसायीले भुक्तानी पाउन सकेका छैनन् । जसले गर्दा नगद प्रवाहको समस्या भएर निर्माण व्यवसायीले काम गर्न सकेका छैनन् ।

१३औं खरिद नियमावलीमा ठेक्काको एक वर्षसम्म म्याद थपिने र त्यो समयभित्र काम नसकिए ठेक्का तोडिने उल्लेख छ । जसले गर्दा समस्या भएको छ । म्याद थपको समस्याले गर्दा पनि कतिपय आयोजनामा भुक्तानी हुन सकेको छैन । काम भएको आयोजनामा समयमै भुक्तानी नहुनु पनि प्रमुख चुनौती बनेको छ । तर सरकारले दोष निर्माण व्यवसायीलाई दिएर आफू उम्किनु भएन । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको गत आर्थिक वर्षको करिब ३ अर्ब रुपैयाँ बाँकी छ ।

अन्य विकासे मन्त्रालयहरूमा पनि यही समस्या छ । त्यसैले सरोकारवाला निकायहरूलाई सँगै राखेर छलफल गरी नियमावली संशोधन गर्न सकिए एउटै संशोधनले वर्षौंसम्म काम गर्छ । होइन भने पटक-पटक संशोधन गरिरहनु पर्ने हुन्छ । जसले गर्दा खरिद प्रक्रियामा समस्याहरू आइरहन्छ ।

### स्रोत व्यवस्थापनमा समस्या

अर्को कुरा स्रोतको व्यवस्थापनमा समस्या छ । राजनीतिक स्वार्थमा अर्थ

...बाँकी पृष्ठ ३ मा

# 'कृषि प्रदर्शनी तथा कृषक मेला' २०८१ हुँदै

**समाज संवाददाता**

हेटौँडा: कृषि तथा वन विज्ञान विश्वविद्यालयले दोस्रो संस्करणको 'कृषि प्रदर्शनी तथा कृषक मेला-२०८१' को आयोजना गर्दैछ । आइतबार पत्रकार सम्मेलन गर्दै 'कृषि रुपान्तरणको प्रमुख आधार, नवप्रवर्तन, उद्यम र प्रविधि विस्तार' भन्ने नाराका साथ मंसीर २९ गतेदेखि पुस ३ गतेसम्म (१४-१८ डिसेम्बर, २०२४) मेला आयोजना गर्न लागेको प्रदर्शनीको सचिवालय सदस्य ज्ञानवन्धु शर्माले जानकारी दिनुभयो ।

चितवन जिल्लाको रामपुरस्थित कृषि तथा वन विज्ञान विश्वविद्यालयको आयोजनामा विश्वविद्यालयको कृषि संकाय परिसरमा मेला आयोजना हुनेछ । वन पैदावर सम्बन्धी विभिन्न स्टलहरु र मानव वन्यजन्तु व्यवस्थापन सम्बन्धी प्लेनरी सेसन पनि संचालन गरिने छ। कार्यक्रमले कृषि प्रविधि, नवप्रवर्तन तथा अनुसन्धानका साथै किसानहरूको ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्नेछ ।

कृषि प्रदर्शनी तथा कृषक मेलामा कृषि, पशु व्यवसाय तथा भेटेरिनरी र वन क्षेत्रका १०० भन्दा बढी स्टलहरू र हनेछन् । साथै १० हजार भन्दा बढी सहभागीहरु (किसान, शिक्षाप्रेमी, बुद्धिजीवी, विद्यार्थी, उद्यमी व्यवसायी र सरोकार वाला) र २०० भन्दा बढी प्रदर्शकहरूको सहभागिता रहने अनुमान गरिएको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रमअन्तर्गत मंसीर २९ गते शनिबार उद्घाटन समारोह, मंसीर ३० गते आइतबार कृषि क्षेत्रको नीतिगत बहस, पुस १ गते सोमबार प्यानल छलफल, कृषि रूपान्तरणका विषयमा कृषि उद्यमी तथा सरोकारवालाबीच छलफल, पुस २ गते मंगलबार दिगो पशुपालन, भेटेरिनरी सेवा तथा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सम्बन्धी छलफल हुनेछ भने बुधबार समापन समारोह हुनेछ । यसैगरी कृषि प्रदर्शनी तथा कृषक मेला अवधिभर विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरू, साँस्कृतिक प्रतियोगिताका साथै कृषि, पशुपन्छी तथा वनका क्षेत्रमा उद्यम, व्यवसाय, नवप्रवर्तन र अनुसन्धान मार्फत् योगदान पुऱ्याएका यस विश्वविद्यालयका पूर्व विद्यार्थीहरूलाई सम्मान गर्ने कार्यक्रम पनि हुनेछ ।

## ठेकेदारले पार्टी...

मन्त्रालयले जथाभाबी स्रोत सुनिश्चितता दिँदा पनि समस्या भएको छ। एक करोड बजेट व्यवस्था भएको कुनै सडकमा ४६ करोड रुपैयाँसम्मको स्रोत सुनिश्चितता दिइएको छ । त्यस्तो योजना तीन वर्षभित्रमा सक्ने गरी ठेक्का भएको छ ।

उक्त समयभित्र सक्ने गरी ठेक्का भएको आयोजनामा वार्षिक रूपमा १५/१५ करोड रुपैयाँ बजेट व्यवस्थापन गर्नुपर्ने हुन्छ। त्यो व्यवस्था हुन सक्दैन । जसले गर्दा यस्ता आयोजनाहरू समयमै नसकिने र रुग्ण बन्दै जाने हुन्छ। मन्त्री र विभिन्न पार्टीका राजनीतिक नेताहरूको दबाबले गर्दा पनि समस्या हुने गरेको छ। भौतिक पूर्वाधार तथा यातायातमन्त्री त २/२ महिनामा फेरिन्छ। प्रत्येक मन्त्री आउने बित्तिकै प्राथमिकता परिवर्तन हुन्छ। नयाँ मन्त्री आउने बित्तिकै आफ्नो नजिकका, आफ्नो जिल्लाका नेताहरूको बजेटमा राखिएका आयोजना तथा योजनालाई प्राथमिकता दिइन्छ । यस्तो प्राथमिकता दिन थाल्दा अघिल्लो वर्ष थालिएका आयोजना अलपत्र पर्छन् । स्रोतको पर्याप्त व्यवस्थापन नगरिकन ठेक्का गर्नाले अधिकांश ठेक्का रुग्ण बन्ने गरेका छन् । लो बिडिङले गर्दा पनि ठेक्काहरू रुग्ण बनिरहेका छन् । मन्त्री फेरिएपिच्छे प्राथमिकता परिवर्तन हुँदा पनि समस्या हुने गरेको छ ।

संविधानले सडक विभाग र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले राजमार्गको मात्र व्यवस्थापन गर्ने भनिएको छ । तर यो निकायले पूर्वप्रधानमन्त्री, मन्त्री, नेताहरूको स्वार्थ जोडिएका सडक योजना बजेटमा राखिएका छन्। त्यस्ता सडकहरू मात्र २० अर्ब रुपैयाँ बढीको बजेट छुट्टाइएको छ। बजेटजति यता जाँदा प्राथमिकता प्राप्त राजमार्ग बनाउन बजेटको समस्या हुने गरेको छ। समस्या भएका राजमार्ग, सडकहरू सरकार, मन्त्रीको प्राथमिकताभित्र पर्ने गरेका छैनन् । स्रोतलाई जथाभाबी कनिका छरेजस्तो छर्दा ठूला राजमार्ग निर्माण र सुधारमा समस्या हुने गरेको छ ।

### स्रोत र खरिद व्यवस्थापन

सरकारले सबैभन्दा महत्वपूर्ण कुरा के हो भनेर तोक्न जरुरी छ । १६औं पञ्चवर्षीय योजनामा सडक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ, तर त्यसको कार्यान्वयनमा कुनै प्रगति भएको छैन। हामीले ती योजनाहरु र उद्देश्यहरुको कार्यान्वयन गर्न आवश्यक छ। योजनामा तोकिएका कार्यक्रमहरूलाई कुनै प्रकारको तलमाथि नगरी सही तरिकाले कार्यान्वयन गर्न सके उद्देश्य हासिल गर्न सकिन्छ । संसारभर लो बिडरले ठेक्का पाउने नियम रहेको छ जसमा निकटता, आफन्त वा पार्टीको नाता नभए पनि, योग्यताको आधारमा ठेक्का दिने प्रक्रिया हुन्छ। यदि काम नभए ठेक्का तोड्न र कारबाही गर्न सक्ने सरकारी निकायसँग दृढ शक्ति हुनुपर्छ। यस्तो कुरामा अदालतहरूले पनि सहयोग गर्नुपर्छ। यी कुरामा सरकार निर्मम हुनपर्छ । जसले काम गर्छ, उसलाई सहयोग गर्नुपर्छ । तर काम गर्दैन भने ठेक्का तोड्न पनि सक्नुपर्छ। यस्तो गर्ने अधिकार सम्बन्धित मन्त्रालयले सम्बन्धित आयोजना प्रमुखलाई दिनुपर्छ। यस्तो गर्न सकिए मात्र काम हुन्छ । अहिले काम गर्न निर्माण व्यवसायीलाई कर्मचारीले दबाब दिन्छन्। कर्मचारीलाई राजनीतिक दलले दबाब दिने गरेकाले समस्या हुने गरेको छ । खरिद प्रक्रिया छिटो छरितो गराउनुपर्छ । खरिद सम्झौतामा स्वार्थ राख्ने स्वार्थ समूहलाई राजनीतिक दल, मन्त्रीले ढोका बन्द गर्न सक्नुपर्छ। यसो गर्न सकिए कर्मचारीले काम गर्न नगर्नेलाई दबाबमा परेर ठेक्का दिने हिम्मत गर्दैनन् जसले यस्तो काममा भूमिका खेल्न खोज्छन्। उसलाई कारबाही गरिए त्यस्तो हिम्मत राख्दैनन् । स्रोत सुनिश्चित नहुँदासम्म ठेक्का व्यवस्थापन गर्नु हुँदैन। निर्माण पश्चात् प्रतिफल दिने आयोजनाहरू पहिलो प्राथमिकतामा पर्नुपर्छ । यसमा पनि प्रमुख राजमार्गहरू प्राथमिकतामा पर्नुपर्छ । गौरवका आयोजनाहरूमा पनि प्राथमिकता तोकेर काम गर्नुपर्छ।

(पूर्वसचिव थापाको यो विचार नेपाल आर्थिक पत्रकार समाज (सेजन) को स्मारिकाबाट साभार गरिएको हो । स्रोत: उज्यालो अनलाईनखबर)

## आगोले पोलेर ६ महिने शिशु घाइते

# पदमपोखरीमा गोठमा आगो लाग्यो

**समाज संवाददाता**

हेटौँडा: मकवानपुरको मकवानपुर गढी गाउँपालिका-३, मक्रान्चुलीमा आगोले पोलेर ६ महिनाको शिशु घाइते भएका छन् । आइतबार बेलुका ८ बजेर ३० मिनेटको समयमा आगो नजिकै बसेर तेल लगाउने क्रममा अचानक आगो कपडामा सल्किएर शिशुको शरीरको कम्मर र ढाडको भागमा जलेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको रत्ननगर नगर पालिका-२ टाँडी घर भई मक्रान्चुलीस्थित माईती घरमा आएकी ३० वर्षीया दीपा तिमिल्सेनाले आफ्नै शिशुलाई आगो नजिकै बसी तेल लगाउने क्रममा आगोले पोलेको हो। शिशुलाई बेलुका ९ बजेर ४५ मिनेटको समयमा उपचारका लागि हेटौँडा अस्पताल मकवानपुरमा सामान्य उपचार पश्चात थप उपचारका लागि काठमाडौंको कीर्तिपुर स्थित जलन अस्पताल लगिएको प्रहरीले जनाएको छ।

यस्तै हेटौँडा-१२, पदमपोखरीमा अजय घलानको गोठमा आगलागी भएको छ। आइतबार बिहान ८ बजेको समयमा गोठमा कुँडो पकाउन बालेको आगोबाट आगो सल्कन गई आगलागी भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । आगलागीबाट गोठ आंशिक रुपमा जलेको र गोठ भित्र रहेको काठपात गरी ४० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जानकारी दिएको छ । दमकल, प्रहरी, स्थानीयहरुको सहयोगमा बिहान ९ बजेर ५ मिनेटको समयमा आगो पूर्णरुपमा नियन्त्रणमा लिइएको छ । आगलागीबाट मानवीय तथा चौपाया क्षति नभएको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

## शीलबन्दी दरभाउपत्र आव्हानको सूचना

*(प्रथम पटक प्रकाशित मिति : २०८१/०८/१८ गते)*

नेपाल रेडक्रस सोसाइटी, मकवानपुर जिल्ला शाखाद्वारा २०८१ को बाढी, पहिरो प्रतिकार्य कार्यक्रम अन्तर्गत इन्द्रसरोवर गाउँपालिकामा क्षति भएका खानेपानी योजनाहरुको मर्मत सम्भार कार्यका लागि आवश्यक पाइप, तथा अन्य फिटिङ्गसका सामग्रीहरु खरिद गर्नुपर्ने भएकाले नेपाल सरकारको इजाजत प्राप्त मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका फर्म/सप्लायर्सबाट पत्रिकामा प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र शीलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । शीलबन्दी बोलपत्रको साथमा भ्याट/प्यानमा फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु सहित शीलबन्दी बोलपत्र पेश गर्नुपर्ने छ । बोलपत्र फारम तथा अन्य विस्तृत जानकारीका लागि कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**नेपाल रेडक्रस सोसाइटी**
**मकवानपुर जिल्ला शाखा, हेटौंडा**
**फोन नं. ०५७-५२०७११**

एनपीएल क्रिकेट मज्जा लिऔं
शितल मौसममा मिठो म:म, चिया र खाजासँगै




BUDDHA Bar & Restaurant
बुद्ध बार एण्ड रेष्टुरेन्ट
हेटौंडा-४, स्कूलरोड
Hetauda-4, School Road
buddhabar&restaurant
For Delivery 9802923576

नेपाल सरकार
खानेपानी मन्त्रालय
## खानेपानी तथा ढल व्यवस्थापन विभाग,
## एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना

हेटौंडा उपमहानगरपालिकामा निर्माण हुने हेटौंडा खानेपानी आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी

### सार्वजनिक सुनुवाईको सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०८/१८)*

बागमती प्रदेश, मकवानपुर जिल्ला हेटौंडा उप-महानगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, पानीपोखरी, काठमाण्डौ |
| प्रस्तावको व्यहोरा | आयोजनाको नाम: हेटौंडा खानेपानी आयोजना हेटौंडा उप-महानगरपालिका वडा नं १ देखि वडा नं १२, १५, १७ र १९ मा राप्ती नदीको सतही पानी तथा भूमिगत पानी पम्प गरी खानेपानी आपुर्ति गर्ने, |
| प्रभाव पर्न सक्ने जिल्ला/उप म.न.पा./न.पा. | मकवानपुर जिल्ला, हेटौंडा उप-महानगरपालिकाका सबै वडाहरु |

वातावरण संरक्षण ऐन २०७६ को दफा ३ को उप दफा ५ वमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने सिलसिलामा उक्त प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित क्षेत्रको भौतिक, रसायनिक, जैविक, सामाजिक, आर्थिक, साँस्कृतिक वातावरणहरुमा पर्ने प्रभावहरुको बारेमा जानकारी लिन स्थानिय बासिन्दा र सरोकारवालाहरुसँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई कार्यक्रम गरिने भएकोले निम्न मिति तथा स्थानमा सम्बन्धित सबैको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

स्थान हेटौंडा उपमहानगरपालिकाको सभाहल, हेटौंडा-२
मिति: २०८१/०८/ २४ गते सोमबार
समय: दिनको १:३० बजे

नेपाल सरकार
खानेपानी मन्त्रालय
## खानेपानी तथा ढल व्यवस्थापन विभाग,
## एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना

हेटौंडा उपमहानगरपालिका वडा नं १५ मा प्रशोधन केन्द्र रहने गरी हेटौंडामा कार्यान्वयन हुने मानव मलमूत्र व्यवस्थापन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी

### सार्वजनिक सुनुवाईको सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०८/१८)*

बागमती प्रदेश, मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, पानीपोखरी, काठमाण्डौ |
| प्रस्तावको व्यहोरा | आयोजनाको नाम: हेटौंडा मानव मलमूत्र व्यवस्थापन आयोजना हेटौंडा उप-महानगरपालिकाका वडा नं. ६, ७ तथा १४ देखि १८ वडासम्मका घरधुरीहरुबाट मानव मलमूत्र संकलन गरी वडा नं १५ स्थित चित्रेपानी सामुदायिक वनमा प्रशोधन केन्द्र निर्माण गर्न प्रस्ताव गरिएको, |
| प्रभाव पर्न सक्ने जिल्ला/उप म.न.पा./न.पा. | मकवानपुर जिल्ला, हेटौंडा उप-महानगरपालिकाका ६, ७ तथा १४ देखि १८ सम्मका वडाहरु |

वातावरण संरक्षण ऐन २०७६ को दफा ३ को उप दफा ५ वमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने सिलसिलामा उक्त प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित क्षेत्रको भौतिक, रसायनिक, जैविक, सामाजिक, आर्थिक, साँस्कृतिक वातावरणहरुमा पर्ने प्रभावहरुको बारेमा जानकारी लिन स्थानिय बासिन्दा र सरोकारवालाहरुसँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई कार्यक्रम गरिने भएकोले निम्न मिति तथा स्थानमा सम्बन्धित सबैको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

स्थान : चुरियामाई मा.वि. को प्राङ्गण, हेटौंडा उपमहानगरपालिका-१५
मिति : २०८१/०८/२५ गते मंगलबार
समय : दिनको १:३० बजे

## उपचुनावमा रास्वपाको खराब नतिजा

# १० जनाले कटाएनन् ५० मत

काठमाडौं: राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले काठमाडौं महानगरपालिका वडा नम्बर १६ को वडाध्यक्ष पद जितेको छ । यो पदमा रास्वपाकी उम्मेदवार रोजिना श्रेष्ठ विजयी भइन् । रास्वपाकी श्रेष्ठ २९०२ मत ल्याएर निर्वाचित हुँदा एमालेका लक्ष्मीरत्न तुलाधर २२२० मत ल्याएर दोस्रो भए । तर, अन्यत्र रास्वपाले पाएको मत निकै कम छ ।

स्थानीय तहका विभिन्न ४४ पदका लागि भएको चुनावमा रास्वपाले २६ पदमा पदमा उम्मेदवार खडा गरेको थियो । त्यसमध्ये एउटा पदमा चुनाव जित्दा अधिकांश ठाउँमा जमानत जफत हुने अवस्था बनेको छ । जमानत जोगिन कुल सदर मतको १० प्रतिशत मत ल्याउनुपर्छ । काठमाडौं-१० बाहेक अन्यत्र उम्मेदवार रहेका र चुनाव जित्न नसकेकाहरूलाई निराश नहुन रास्वपाकी सहमहामन्त्री सुमना श्रेष्ठको आग्रह छ ।

सुरुम उनले रोजिना श्रेष्ठलाई बधाई दिएकी छन् । 'यस महानगरकी एक मात्र महिला वडाअध्यक्ष हुनु भएकोमा रोजिना श्रेष्ठज्यूलाई धेरै धेरै बधाई र सफल कार्यकालको शुभकामना' श्रेष्ठले ट्वीट गरेकी छन् । त्यसपछि उनले चुनाव हारेकालाई निराश नहुन समेत आग्रह गरेकी छिन् । 'अन्य स्थानका उम्मेदवारलाई धन्यवाद, यस नतिजाले तपाईंहरूले समाजलाई गर्दै आउनु भएको योगदानलाई कति पनि फरक नपरोस्, उनले भनेकी छन्, 'स्वतन्त्रको लहर आउँदैछ ।'

रास्वपाले मोरङको ग्रामथान गाउँपालिका अध्यक्षको चुनावमा उम्मेदवारी दिएको थियो । यो पालिकाको अध्यक्षमा माओवादीका नमो नारायण माझी ६ हजार ९६९ मत ल्याएर विजयी हुँदा रास्वपाका उम्मेदवार नविन कुमार विश्वास ३७५ मतसहित पाचौं स्थानमा रहे । ताप्लेजुङको सिरीजंगा गाउँपालिका वडा नम्बर ३ मा उपचुनाव भएको थियो । यो वडामा एमालेका कुमारी सावादेन ३५३ मत ल्याएर विजयी भए । यहाँ ७ मत ल्याएर रास्वपा उम्मेदवार देवी प्रसाद पौडेल पाचौं स्थानमा रहे ।

तेह्रथुमको लालीगुँरास नगरपालिका वडा नम्बर ८ को वडाअध्यक्षमा कांग्रेसका नगेन्द्र लिम्बु ४४० मत ल्याएर विजयी भए । यहाँ रास्वपा उम्मेदवार सन्जिव खड्काले ३८ मत पाए । सुनसरीको गढी गाउँपालिका वडा नम्बर ६ को अध्यक्षमा कांग्रेसका तेतर साहु ८१६ मत ल्याएर विजयी हुँदा पाँचौं स्थानमा रहँदै रास्वपाका उम्मेदवार शशिकुमार साहुले ३३ मत ल्याए । ओखलढुंगाको मोलुङ गाउँपालिका वडा नम्बर ५ को अध्यक्षमा एमालेका गंगाबहादुर तामाङले ३९९ मत ल्याएर चुनाव जित्दा तेस्रो स्थानमा रहँदै रास्वपा उम्मेदवार विष्णु प्रसाद पोखरेलले १५१ मत ल्याए ।

उदयपुरको त्रियुगा नगरपालिका वडा नम्बर १२ मा माओवादी केन्द्रका उम्मेदवार नविन कुमार वान्तवा ९२३ मत ल्याएर विजयी भए । यहाँ पनि पाँचौं स्थानमा रहँदै रास्वपा उम्मेदवार ध्रुव प्रसाद पोखरेल २०२ मत ल्याए । धनुषाको धनुषाधाम नगरपालिका वडा नम्बर १ मा माओवादी केन्द्रका शुनिल कापर केवट ६८४ मत ल्याएर विजयी भए । यहाँ सातौं स्थानमा रहँदै रास्वपा उम्मेदवार राम नरेश दासले जम्मा १० मत पाए । महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नम्बर २ मा एमालेका उम्मेदवार सकिवुल खाँ ६३१ मत ल्याएर विजयी हुँदा छैटौं स्थानमा रहँदै रास्वपाका उम्मेदवार खुरसैद खाँले ४ मत पाए ।

नुवाकोटाको ककनी गाउँपालिका वडा नम्बर २ मा माओवादी केन्द्रका कृष्ण घिमिरे १०८५ मत ल्याएर विजयी हुँदा रास्वपाका उम्मेदवार मंगल सिद्धि लामा तामाङ ८३ मतसहित चौथो स्थानमा रहे । मकवानपुरको हेटौंडा उपमहानगर पालिका वडा नम्बर १२ मा कांग्रेसका अर्जुनप्रसाद तिवारी २०६३ मत ल्याएर विजयी भए । पाँचौं स्थानमा रहँदै रास्वपाका उम्मेदवार आशा विर बलले ८३ मत प्राप्त गरे । गोरखाको गोरखा नगरपालिका वडा नम्बर ५ मा माओवादीका विष्णुबहादुर मगर ४८६ मत ल्याएर विजयी हुँदा रास्वपाका मंगलबहादुर थापाले चौथो स्थानमा रहँदै ८२ मत ल्याए ।

गुल्मीको मुसीकोट नगरपालिका वडा नम्बर १ मा कांग्रेसका आनन्द श्रेष्ठ ११८४ मत ल्याएर विजयी हुँदा रास्वपाका उम्मेदवार विकास थापाले ४३ मत पाए । कपिलवस्तुको शुद्धोधन गाउँपालिका वडा नम्बर १ मा एमालेका मोहम्मद ताहिर मुसलमान ११५० मत ल्याएर विजयी हुँदा रास्वपाका उम्मेदवार अवधेश कुमार चौधरी छैठौं स्थानमा रहे । चौधरीले ९२ मत पाए । बर्दियाको ठाकुरबाबा नगर पालिकाको वडा नम्बर ४ को अध्यक्षमा कांग्रेसका अमिन थारु विजयी भए । थारुले १०४३ मत पाउँदा रास्वपाका उम्मेदवार वासुदेव शर्माले छैठौं स्थानमा रहँदै १७ मत ल्याएका छन् ।

दैलेखको दुल्लु नगरपालिका वडा नम्बर १३ मा एमालेका लालबहादुर शाही ५७४ मत ल्याएर विजयी भए । चौथो स्थानमा रहँदै रास्वपाका उम्मेदवार रामबहादुर शाहीले ५३ पाए । दैलेखकै महाबु गाउँपालिकाको अध्यक्षमा पनि रास्वपाले प्रकाश कुमार बुढालाई उम्मेदवार बनाएको थियो । यहाँ एमालेका जंगबहादुर शाही ३१२७ मत ल्याएर विजयी हुँदा रास्वपाका बुढाले ११२ मत पाए । रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नम्बर ४ मा एमालेका भुपमणी पुन मगर ६४३ मत ल्याएर विजयी भए । यहाँ हिम बहादुर पुन रास्वपाका उम्मेदवार थिए । उनले जम्मा ७ मत पाए ।

कालिकोटको तिलागुफा नगरपालिका वडा नम्बर ४ मा नेमकिपाका खड्ग राज शाही १४३ मत ल्याएर विजयी भए । यहाँ रास्वपाका उम्मेदवार गगन बलमे छैठौं स्थानमा रहँदै ५ मत ल्याए । जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुखमा रास्वपाबाट उम्मेदवार थिइन पार्वती पुन । यहाँ माओवादीकी देवका लामिछाने ४ हजार २७२ मत ल्याएर विजयी भइन । रास्वपाका पुनले चौथो स्थानमा रहँदै १७९ मत ल्याइन् । डोटीको पुर्वीचौकी गाउँपालिका वडा नम्बर ६ मा कांग्रेसका मोहन थापा ४६८ मत ल्याएर विजयी भए । यहाँ तेस्रो भएकी रास्वपाका उम्मेदवार जानकी कुमारी खड्का कुँवरले ३१ मत ल्याइन् ।

कञ्चनपुरको भिमदत्त नगरपालिका वडा नम्बर ६ को अध्यक्षमा भएको चुनावमा कांग्रेसका प्रकाश चन्द ११०७ मत ल्याएर विजयी भए । यहाँ पाचौं स्थानमा रहँदै रास्वपाका रामदत्त भट्टले २१८ मत ल्याए । रास्वपाले उम्मेदवार बनाएकोमध्ये उदयपुरको बेलका, हुम्लाको सर्केगाड र दोलखाको गौरीशंकरको परिणाम आउन बाँकी छ । यी क्षेत्रमा पनि रास्वपाको नतिजा कमजोर देखिएको छ । कीर्तिपुर नगरपालिकामा भने रास्वपाले उम्मेदवारी नै दिएको छैन । *स्रोत: अनलाइनखबर ।*


## रोजगारीको 'अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधिको आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरबाट दरखास्त आव्हान गरिन्छ ।

- **कार्यक्षेत्र** : हेटौंडा उपमहानगरपालिका ।
- **अनुभव** : आवश्यक छैन ।
- **काम** : personal care, food supplement
- clothes, grocery, product हरुको प्रवर्द्धन गर्ने ।
- आफ्नो वायोडाटा निवेदनको साथ पेश गर्नुहोला ।



**सेवा सुविधाहरू**

- तलब : १५,००० बाट सुरु भई १,००,००० सम्म,
- अन्य सेवा सुविधा सप्लायर्सको नियम अनुसार हुनेछ ।

**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६**

**स्थान: हेटौंडा-१ राप्तीरोड मकवानपुर**



## बालअधिकारप्रति संवेदनशील बनौं

- माया, मंमता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्,
- बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास एवम् सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं,
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।

**बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।**



**नेपाल सरकार**

**विज्ञापन बोर्ड**


## रायोको साग प्रतिमुठा १५ रुपैयाँ

**समाज संवाददाता**

हेटौंडा: हेटौंडास्थित थोक तरकारी बजारमा सोमबार सबैभन्दा सस्तो तरकारीको रुपमा रायोको साग रह्यो । सोमबार थोक बजारमा साग प्रतिमुठा १५ रुपैयाँमा बिक्री भएको छ भने केराउकोसाको मूल्य एक सय ७० रुपैयाँ रहेको छ । आइतबार प्रतिकेजी २० रुपैयाँमा बिक्री भएको साग सोमबार प्रतिमुठा १५ रुपैयाँमा बिक्री भएको हेटौंडा-१ स्थित थोक तरकारी बजारको परिजात फलफूल तथा तर कारी सप्लायर्सका प्रोप्राइटर बद्रि घिमिरेले जानकारी दिनुभयो । सोमबार प्रतिकेजी काउली ९० रुपैयाँ, बन्दा ४० रुपैयाँ, गोलभेँडा ९० रुपैयाँदेखि १०० रुपैयाँ, घिउसिमी ९० रुपैयाँ, घरसिमी एक सय रुपैयाँ, तितेकरेला १०० रुपैयाँ, मुला ५५ रुपैयाँ, कार्डिनल आलु ६५ र रातो डल्लो आलु ६६ रुपैयाँमा बिक्री भएको छ । यस्तै प्रतिकेजी लौका ६० रुपैयाँ, खुर्सानी ६० रुपैयाँ, धनियाँ १०० रुपैयाँ, हरियो प्याज साग ८० रुपैयाँ, लसुनको साग १५० रुपैयाँ प्रतिकेजी विक्री भएको छ । यस्तै राज्मा सिमी १०० रुपैयाँ, लौका ६५ रुपैयाँ, पाकेको फर्सी ४० रुपैयाँ, हरियो फर्सी ७० रुपैयाँ गाँजर १२० रुपैयाँ, मकै बोडी ७० रुपैयाँ, बरेला ५० रुपैयाँ, कागती २२० रुपैयाँ, काक्रो ९० रुपैयाँ, भन्टा ५० रुपैयाँ, भिडे खोर्सानी डल्लो ९० रुपैयाँ र लाम्चो ८०, इस्कुस २५ र भिन्डी १३० रुपैयाँ किलो बिक्री भएको घिमिरेले बताउनुभयो । पछिल्लो समय तरकारीको माग घटेको र उत्पादन बढेसँगै तरकारीको मूल्य सामान्य घट्दै गएको छ ।

## बारा प्रहरीद्वारा ६२ लाख रुपैयाँ बराबरको अवैध सामान बरामद

**समाज संवाददाता**

हेटौंडा: जिल्ला प्रहरी कार्यालय बाराका प्रहरीले ३२ लाख रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ । प्रहरी टोलीले विभिन्न समयमा गाडीहरुको सुरक्षाजाँच गर्दा अवैध सामान बरामद गरेको हो । इलाका प्रहरी कार्यालय अम्लेखगञ्ज र प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरी टोलीले ६१ लाख १३ हजार ८ सय ५५ रुपैयाँ बराबर गरेको हो । प्रहरीले बरामद गरेको अवैध सामान राजश्व अनुसन्धान कार्यालय पथलैया पठाएको छ ।

आइतबार ११ बजेर २० मिनेटको समयमा बारा जिल्लाको जीतपुर-सिमरा उपमहानगरपालिका-२१, अमलेखगञ्जचोकस्थित प्रहरी वरिष्ठ नायव निरीक्षक टेक बहादुर कार्कीको कमाण्डमा खटिएको प्रहरी टोलीले जीतपुरबाट काठमाडौंतर्फ जाँदै गरेको प्र ३ ०१-००५ ख ९४२२ नम्बरको ट्रकमा लोड गरेको ३ लाख ३६ हजार रुपैयाँको ३५ बोरा चिनी, ६ बोरा आलु, ५ बोरा प्याज नियन्त्रणमा लिएको हो ।

यस्तै सोमबार बिहान ३ बजेर ३० मिनेटको समयमा जीतपुर-सिमरा उपमहानगरपालिका-७, जीतपुरचोकमा प्रहरी नायव निरीक्षक. मोहनारायण रायको कमाण्डमा खटिएको प्रहरी टोलीले वीरगंजबाट पथलैयातर्फ जाँदै गरेको ना ८ ख ८२८६ नम्बरको ट्रकमा लोड गरेको ३१ लाख ७९ हजार रुपैयाँ बराबरको त्रिपाल, मोविललगायतका सामानहरु नियन्त्रणमा लिएको छ भने सोमबार नै ७ बजेर १० मिनेटको समयमा जीतपुर-सिमरा उपमहानगरपालिका-१ पथलैयाचोकमा प्रहरी नायव निरीक्षक रोशन अधिकारीको कमाण्डमा खटिएको प्रहरी टोलीले वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको प्र ०२ ०३-००१ ख ३६८९ नम्बरको ट्रकमा लोड गरेको २५ लाख ९८ हजार रुपैयाँ बराबरको खाद्यान्न सामग्री वरामद गरेको थियो ।

## बुधबारे बालसाहित्य



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं । **सम्पादक ।**